**मुक्तिनाथ दर्शन सेवा**



दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क ३३५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ पुस १३ गते आइतबार ❑ 28 Dec. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## निर्वाचनमा सहभागी हुने प्रमुख दलका शीर्ष नेताहरूको प्रतिबद्धता

**रासस**
काठमाडौं, १२ पुस



प्रमुख तीन राजनीतिक दलका शीर्ष नेताले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा सहभागी हुन तयार रहेको विश्वास दिलाउनुभएको छ।

प्रधानमन्त्री सुशीला कार्कीको आह्वानमा शनिबार प्रधानमन्त्री निवास बालुवाटारमा भएको छलफलमा उहाँहरूले निर्वाचनमा जाने प्रतिबद्धता व्यक्त गर्नुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । बैठकपछि नेपाली कांग्रेस सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले भन्नुभयो, "सबै राजनीतिक दल चुनावमा जान तयार भएका छौँ । कांग्रेस पनि तयार छ। एमाले पनि तयार छ । अरु दल पनि तयार छन् । सरकारले सुरक्षाको वातावरण मिलाउनुपर्छ ।" नेपाल कम्युनिष्ट पार्टी (एमाले) अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले पनि छलफलका क्रममा निर्वाचनमा सहभागी हुने प्रतिबद्धता व्यक्त गर्नुभएको सचिवालयले जनाएको छ । छलफलमा प्रधानमन्त्री कार्कीले फरक परिस्थितिमा हुन गइरहेको प्रतिनिधिसभा सदस्य निर्वाचनलाई सफल बनाउन प्रमुख राजनीतिक दलसँग आग्रह गर्नुभएको थियो । उहाँले निर्वाचनमा सहभागी भई सफल तुल्याउन आग्रह गर्नुभयो ।

प्रधानमन्त्री सुशीला कार्कीले फरक परिस्थितिमा हुन गइरहेको प्रतिनिधिसभा निर्वाचनलाई सफल बनाउन प्रमुख राजनीतिक दलसँग आग्रह गर्नुभएको छ।

प्रधानमन्त्री कार्कीले निर्वाचनलाई राष्ट्रको भविष्य सम्झेर, स्थिर र दिगो लोकतन्त्रको सुनिश्चितताका निम्ति लाग्न आह्वान गर्नुभयो । उहाँले निर्वाचनलाई सफल बनाउनु सबैको जिम्मेवारी भएकामा जोड दिनुभयो । प्रधानमन्त्री कार्कीको सचिवालयका अनुसार "यो निर्वाचन जसरी पनि सफल पारौँ । सबै यसमा सहभागी हुनुपर्छ । तपाईंहरू निर्वाचनका लागि तयार हुनुहुन्छ भन्ने सरकारले ठानेको छ । निर्वाचनको वातावरण बनिरहेको छ । यो स्वागतयोग्य छ", तीन पूर्वप्रधानमन्त्रीलाई प्रधानमन्त्रीले भन्नुभयो । निर्वाचन आयोग र प्रहरी प्रशासनलाई आवश्यक स्रोतसाधन सरकारले उपलब्ध गराएको स्पष्ट पार्दै प्रधानमन्त्रीले सुरक्षाकर्मीको मनोबल बढेको बताउनुभयो । आगामी फागुन २१ गते प्रतिनिधिसभा सदस्य निर्वाचन हुँदैछ।

## प्रदेश स्तरीय चलचित्र बिकास बोर्ड गठन गर्न मन्त्री थापाको आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, १२ पुस




चलचित्र पत्रकार संघ नेपाल कास्कीको शनिबार सम्पन्न छैटौं अधिवेशनबाट सन्तोष बस्यालको अध्ययक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ।

पोखरामा शनिबार सम्पन्न संघको छैठौं अधिवेशन तथा साधारण सभाले बस्यालको अध्यक्षतामा सर्वसम्वत रुपमा नयाँ कार्यसमिति चयन गरेको हो।

त्यसै गरी संघको उपाध्यक्षमा गौरव त्रिपाठी, सचिवमा सुरेश सुनार, सह-सचिवमा सिद्धार्थ गौतम, कोषाध्यक्षमा सुरक्षा श्रेष्ठ सर्वसम्मत चयन भएका हुन्। त्यसै गरी सदस्यहरुमा प्रेम थापा, विनिता सुनार, सुरज थापा, सागर ढकाल, सुष्मा नेपाली, अभिनन्दन बजिमय र नारायण पौडेल चयन भएका हुन्।

त्यसैगरी केन्द्रीय महाधिवेशन प्रतिनिधि पदका लागि आशिष पुरी र मिलन थापालाई चयन गरेको संघले जनाएको छ। यसैबिच, उक्त अधिवेशनको उद्धाटन गर्दै गण्डकी प्रदेशका सामाजिक बिकास, युवा तथा खेलकुद मन्त्री बिन्दुकुमार थापाले पोखरा सहित गण्डकी प्रदेशमा चलचित्रको धेरै सम्भावना रहेको बताउनु भयो । गण्डकी प्रदेशमा चलचित्र बिकास बोर्ड गठन गर्न आवश्यक भएको उहाँले बताउनु भयो । गण्डकी प्रदेशको चलचित्र सहित पर्यटन प्रबर्द्धन गर्न बोर्ड आवश्यक भएको मन्त्री थापाको भनाई थियो। बोर्ड बिकास गर्ने अभियानमा नयाँ नेतृत्वले पहल गर्ने उहाँले विश्वास व्यक्त गर्नु भयो।

पहिलो कार्यकालमा कानून संचार मन्त्री हुँदा चासो दिएको बोर्ड बिकास गर्न सफल नभएको बताउदै अब उक्त बोर्ड गठन गर्न ढिला गर्न नहुने उल्लेख गर्नुभयो । शहरमा मात्र नभई गाउँ गाउँमा पुगेर चलचित्रको बारेमा बहस र छलफल


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## कांग्रेसले कारबाहीमा परेका नेताको कारबाही फुकुवा गरी क्रियाशील सदस्यता नवीकरण गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, १२ पुस

नेपाली कांग्रेसले विगतका निर्वाचनमा पार्टीका नेतालाई असहयोग गर्ने पार्टी हितविपरीत लागेका नेता तथा कार्यकर्तालाई कारबाही मिनाहा गरी क्रियाशील सदस्य नवीकरण गर्ने निर्णय गरेको छ।

कार्यवाहक सभापति पूर्णबहादुर खड्काको सभापतित्वमा शनिबार केन्द्रीय कार्यालय सानेपामा बसेको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले अनुशासनको कारबाही फुकुवा गरी क्रियाशील सदस्यता नवीकरण गर्ने निर्णय गरेको हो।

पार्टी केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलद्वारा जारी विज्ञप्तिमा भनिएको छ,"वर्तमान विकसित राजनीतिक अवस्था, आसन्न प्रतिनिधिसभा र राष्ट्रियसभाको निर्वाचनलाई मध्यनजर गरी पार्टीलाई सुसङ्गठित बनाउँदै बृहत् एकता कायम गर्दै सङ्घीय समावेशी लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको दिगो विकाससँगै संविधानको रक्षा गर्नुपर्ने राष्ट्रिय दायित्वलाई आत्मसाथ गरी आगामी दिनमा पार्टी हितविपरीत हुने गरी अनुशासन उल्लङ्घनका कुनै पनि कार्य नगर्न नगराउन सचेत गराउँदै यस्तो निर्णय गरिएको छ ।" यस्तै, विगतको निर्वाचनमा पार्टीको उम्मेदवार वा पार्टीले समर्थन गरेका उम्मेदवारकाविरुद्ध उम्मेदवार भएका, तिनका प्रस्तावक र समर्थक वा असहयोग गरी अनुशासन विपरीतका काम गरेकालाई केन्द्रीय अनुशासन समितिले गरेको निष्काशन, निलम्बन र पार्टीको विधानअनुसार स्वतः कारबाहीमा परेकाहरूको बाँकी अवधि माफी/मिनाहा गर्ने निर्णय गरिएको विज्ञप्तिमा उल्लेख छ । बैठकले विगतमा विभिन्न कारणले पार्टी परित्याग गरेर स्वतन्त्र बनेका वा अन्य पार्टीमा गएर उम्मेदवार, प्रस्तावक वा प्रचारक बनेकाहरूलाई पनि पार्टीमा फर्कनका आह्वान गरेको छ। त्यसरी फर्किने व्यक्तिलाई क्रियाशील सदस्यतासहित आवश्यक जिम्मेवारी प्रदान गर्ने बैठकले निर्णय गरेको छ।

यसैगरी विभिन्न पेसा, व्यवसाय र विविध क्षेत्रमा रही राष्ट्र र जनताको सेवामा समर्पित लोकतान्त्रिक विचार र आस्था भएका व्यक्तिलाई कांग्रेसमा सक्रिय भूमिका निर्वाह गर्न आह्वान गरिएको छ । कांग्रेसले वर्तमान परिस्थितिमा पार्टी, लोकतन्त्र र समग्र मुलुकको हितका लागि बौद्धिक र व्यावसायिक क्षेत्र विशेष संवाद र सहकार्य गरेर अघि बढ्ने निर्णयसमेत गरेको मुख्यसचिव पौडेलले उल्लेख गर्नुभयो।

बैठकले आगामी फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनमा समानुपातिक तर्फका ११० उम्मेदवार चयनको मापदण्ड तयार गरेर नाम चयन प्रक्रियासमेत अगाडि बढाएको छ । केन्द्रीय कार्यसम्पादन समितिको बैठक आइतबार बिहान ११ बजे पार्टी केन्द्रीय कार्यालयमा पुनः बस्ने जनाइएको छ।

## अन्तिम मतदाता नामावली प्रकाशित, सवा नौ लाख मतदाता थपिए

**रासस**
काठमाडौं, १२ पुस

निर्वाचन आयोगले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आज अन्तिम मतदाता नामावली प्रकाशन गरेको छ।

गत प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनमा कुल एक करोड ७८ लाख ८८ हजार ५७० मतदाता रहेकामा यस पटक नौ लाख १५ हजार ११९ मतदाता थपिएका आयोगले जनाएको छ।

प्रकाशित नामावलीमा ९६ लाख ६३ हजार ३५८ पुरुष, ९२ लाख ४० हजार १३१ महिला र अन्य २०० गरी कुल एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता रहेका आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो।

उक्त नामावली आयोगको वेभसाइटमा प्रकाशन गरिएको छ । मतदाता नामावली ऐन, २०७३ को दफा २० बमोजिम आयोगबाट आज अन्तिम मतदाता नामावली प्रकाशन भएको हो । मतदाता नामावली अद्यावधिक कार्यविधि, २०८१ मा भएको व्यवस्थाबमोजिम प्रक्रिया पूरा गरी आगामी फागुन २० गते सम्ममा १८ वर्ष उमेर पूरा हुने नागरिकको विवरणलाई अद्यावधिक गरी अन्तिम मतदाता नामावली प्रकाशन गरिएको प्रवक्ता भट्टराईले बताउनुभयो।

यस्तै, आसन्न निर्वाचनका लागि देशभर १० हजार ९६७ मतदानस्थलमा २३ हजार ११२ मतदान केन्द्र निर्धारण गरिएका छन्।

## पोखरा बहुमुखी क्याम्पसको अध्यक्षमा शंकर गुरुङ निर्वाचित

**पोखरापत्र संवाददाता**
पोखरा, १२ पुस




पोखराको पहिलो सामुदायिक क्याम्पस पोखरा बहुमुखी क्याम्पसको शनिबार ३९औं साधारण सभा तथा आठौं अधिवेशन सप्पन्न भयो।

अधिबेशनले सामाजिक व्यक्तित्व शंकर गुरुङको अध्यक्षतामा नयाँ क्याम्पस सञ्चालन समिति सर्वसम्मत रूपमा चयन गरेको छ।

नवनिर्बाचित अध्यक्ष गुरुङ यस भन्दा अघिल्लो लगातार दुई कार्यकाल क्याम्पसको कोषाध्यक्ष पदमा रहि काम गर्नु भएको थियो । समितीको अन्य सदस्यहरुमा समीर गुरुङ, हस्त बहादुर थापा, कुमारी मुना वास्तोला, उमा कुमारी ठकुरी, नवीन नापित, भिम गौतम र देव कुमारी हिराचन निर्वाचित हुनुभयो । दुई सयभन्दा बढी सिनेटर सदस्यहरूको उपस्थितिमा सम्पन्न अधिवेशनले नयाँ कार्य समिति चयन गरेको हो। कार्यभार हस्तान्तरण गर्दै यस अघि दुई कार्यकाल सम्पन्न गर्नुभएका निवर्तमान अध्यक्ष लालचनले क्याम्पसजस्तो शैक्षिक संस्थामा नितान्त सेवाभावले नेतृत्व गर्नुपर्ने उल्लेख गर्दै आफ्नो कार्यकालमा प्राप्त व्यक्तिगत तथा सामाजिक उपलब्धिबारे चर्चा गर्नुभयो। उहाँले क्याम्पसको उत्थान र प्रगतिका लागि जीवनपर्यन्त समर्पित रहने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो । समारोहलाई सम्बोधन गर्दै क्याम्पसका सल्लाहकार शंकर देवकोटाले शैक्षिक संस्थाहरूलाई व्यक्तिगत पूर्वाग्रहबाट मुक्त राख्न सबै पक्ष जिम्मेवार हुनुपर्ने बताउनुभयो। साथै सबैको साथले आज क्याम्पस यो अबस्थामा आइपुगेकोमा सबैप्रती आभार ब्यक्त गर्नुभयो । निवर्तमान उपाध्यक्ष बद्री श्रेष्ठ, सामाजिक व्यक्तित्व तथा क्याम्पसका आजीवन सदस्यहरू योगेन्द्र प्रधान, विश्व मोहन गौचन, देवकुमारी हिराचन, रवीन्द्र माकाजु तथा वडा नं. ९ का सदस्य गीता चर्माकार लगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो भने कार्यक्रम संचालन क्याम्पस प्रमुख शिशुकला पराजुलीले गर्नुभएको थियो।

अधिबेशनमा निर्बाचन सम्पन्न गर्न अधिवक्ता प्रकाशचन्द्र त्रिपाठीको संयोजकत्वमा लक्ष्मी अधिकारी र कृष्णप्रसाद कोइराला सदस्य रहेको तीन सदस्यीय निर्वाचन समिति गठन गरिएको थियो। अधिबेशन सौहार्द पुर्ण बाताबरणमा सम्पन्न भएको जानकारी क्याम्पस प्रमुखले दिनु भएको थियो।





पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# कालिका बहुमुखी क्याम्पसमा उद्योगपति केसीको सालिक स्थापना

**पोखरापत्र संवाददाता**
पोखरा, १२ पुस

कालिका बहुमुखी क्याम्पस सञ्चालक समितिका संस्थापक अध्यक्ष उद्योगपति, समाजसेवी, शिक्षा सेवी सूर्यबहादुर केसीको सालिक अनावरण गरिएको छ।

पोखरा महानगर पालिका वडा नं. १४ काजी पोखरी स्थित कालिका बहुमुखी क्याम्पसको हाता भित्र केसीको अर्ध कदको सालिक अनावरण गरिएको हो । क्याम्पसको ३४ औं वार्षिकोत्सव, भवन उद्घाटन सालिक अनावरण एवम् पुरस्कार वितरण कार्यक्रममा केसीको सालिक अनावरण गरिएको हो । क्याम्पस हात भित्र निर्माण गरिएको अर्ध कदको सालिकको त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकायका डिन प्रा.डा. महानन्द चालिसे, सुर्यप्रेम ट्रस्ट तथा कालिका बहुमुखी क्याम्पसका संरक्षक, सञ्चालक समितिका पूर्व अध्यक्ष स्वर्गीय केसीकी धर्मपत्नी प्रेमकुमारी केसी, क्याम्पस सञ्चालक समितिका अध्यक्ष केसीका छोरा किरण केसी, छोराहरू प्रकाश केसी र रोशन केसी, क्याम्पस प्रमुख सह प्राध्यापक विरञ्जी गौतमले शनिवार एक कार्यक्रमकाबिच संयुक्त रूपमा अनावरण गरेका हुन् ।

क्याम्पस स्थापना काल देखि नै शैक्षिक उन्नयन तथा भौतिक निर्माणमा पुऱ्याएको योगदानको उच्च कदर गर्दै उहाँको चिरकाल स्मरणका लागि क्याम्पस परिसरमा केसीको सालिक स्थापना गरिएका हो। केसीको पहलमा भौतिक निर्माण तथा शैक्षिक उन्नयनमा क्याम्पसले ठुलो फड्को मारेको थियो। प्रतिष्ठित उद्योगी केसी दक्षिण एसियामा चाउचाउ उत्पादन सुरु गरेको श्रेय उनैलाई जान्छ। हिम श्री फुड्स प्रालि स्थापना गरेर उनले दक्षिण एसियामै



पहिलोपल्ट पोखरामा रारा चाउचाउ उत्पादन सुरु गरेका थिए । निर्माण व्यवसायबाट व्यावसायिक जीवनमा हात हालेका उनले बैंकिङ, रियल स्टेट, जलविद्युत, खाद्य क्षेत्रमा ठुलो लगानी गरेका थिए।

२०१४ साल जेठ १० गते पोखरामा जन्मिएका केसी व्यापार व्यवसाय र निर्माणको क्षेत्रमा संलग्न हुँदै २०४१ देखि २०४६ सालसम्म तत्कालीन पोखरा पञ्चायतको प्रधानपञ्चमा निर्वाचित भएका थिए । राजनीतिक जीवनको लामो समय उनले राष्ट्रिय प्रजातन्त्र पार्टीमा बिताए । उनी पोखराको पूर्व प्रधानपञ्च पनि हुन् । पहिलो संविधानसभाको निर्वाचनमा उनी राप्रपाबाट समानुपातिक सांसद बनेका थिए । प्रतिनिधिसभा निर्वाचनको मुखै उनी काँग्रेस प्रवेश गरेका थिए । काँग्रेसले उनलाई समानुपातिक कोटामा प्रतिनिधिसभामा पठाएको थियो ।केसीको २०७७ साल कात्तिक १७ गते सोमबार ६५ वर्षको उमेरमा देहावसान भएको थियो । कार्यक्रममा सहभागिले केसीलाई एउटा सामाजिक र सफल व्यावसायिक व्यक्तित्व तथा सहयोगी भावना भएको र अरूलाई सहयोग गर्न सधैँ तत्पर रहने व्यक्तिको रूपमा परिचर्चा गरेका थिए। त्यसै अवसरमा स्व. कीर्तिबहादुर केसीको स्मृतिमा संस्थापक सञ्चालक समितिका अध्यक्ष स्व. सूर्यबहादुर के.सी. का परिवार बाट स्थापित सूर्यप्रेम ट्रस्टको आर्थिक सहयोगमा निर्माण गरिएको कीर्ति पुस्तकालय भवनको पनि उद्घाटन गरिएको थियो । उक्त भवनको त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकायका डिन प्रा.डा. महानन्द चालिसे, सुर्यप्रेम ट्रस्ट तथा कालिका बहुमुखी क्याम्पसका संरक्षक, सञ्चालक समितिका पूर्व अध्यक्ष स्वर्गीय केसीकी धर्मपत्नी प्रेमकुमारी केसी, क्याम्पस सञ्चालक समितिका अध्यक्ष केसीका छोरा किरण केसी, छोराहरू प्रकाश केसी र रोशन केसी, क्याम्पस प्रमुख सह प्राध्यापक विरञ्जी गौतमले संयुक्त रूपमा उद्घाटन गरेका थिए । त्यस अवसरका उक्त भवन केसी परिवारले डिन प्रा.डा. चालिसेलाई र चालिसेले क्याम्पस प्रमुख गौतमलाई हस्तान्तरण गरेका थिए । उक्त बहुउद्देश्यीय भवन निर्माणमा ३ करोड २६ लाख २८ हजार ५ सय २० रुपैयाँ लागत लागेको थियो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकायका डिन प्रा.डा. महानन्द चालिसेले क्याम्पस यो स्थानमा आउनका लागि स्व. सूर्यबहादुर केसीको भूमिका सधैँ स्मरणयोग्य भएको उल्लेख गरे । 'क्याम्पसको हरेके क्षेत्र सबल रहनुमा केसीको भूमिका ठुलो रहेको छ' उनले भने, 'उहाँकै पदचाप पछ्याएर उहाँका छोरा जुन युवा जोसका साथ क्याम्पस सञ्चालक समितिमा आउनुभयो शैक्षिक उन्नयनमा क्याम्पसका लागि यो सौभाग्य मिलेको छ।' उनले श्रम र उत्पादनसँग जोड्ने खालको शिक्षा अहिलेको आवश्यकता रहेको बताए। क्याम्पस सञ्चालक समितिका अध्यक्ष किरण के.सी. ले आफ्ना बुबाको सम्मानमा क्याम्पस परिसर भित्र अर्ध कदको सालिक निर्माण गरेकोमा परिवारको तर्फबाट आभार व्यक्त गरे । निवर्तमान क्याम्पस प्रमुख रवीन्द्रनाथ बास्तोलाले क्याम्पसमा स्व. सूर्यबहादुर केसीको योगदान अनुकरणीय रहेको बताए।

उक्त अवसरमा क्याम्पसका अभिभावक डम्बर कुमारी गुरुङ र छोरा मोहन गुरुङले डम्बर मोहन गरिब छात्रवृत्ति अक्षयकोषका लागि २ लाख ५१ हजार रुपैयाँ क्याम्पस प्रमुख गौतमलाई हस्तान्तरण गरेका थिए । उक्त कार्यक्रममा क्याम्पसका पूर्व क्याम्पस प्रमुख बालकृष्ण शर्मा, जनप्रकाश बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख ऋषिराम बुढाथोकी, क्याम्पस प्रमुख सह प्राध्यापक विरञ्जी गौतम, क्याम्पसका सिनेटर तथा पूर्व प्रहरी वरिष्ठ उपरीक्षक कृष्णबहादुर थापा, कल्याणकारी समितिका सचिव तेजेन्द्र केसी लगायतले बोलेका थिए। क्याम्पस सञ्चालक समितिका अध्यक्ष किरण केसीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा उपाध्यक्ष तथा वडा नं. १४ का वडा अध्यक्ष बोधबहादुर कार्कीले स्वागत र सहायक क्याम्पस प्रमुख सालिकराम तिम्सिनाले कार्यक्रम सञ्चालन गरेका थिए।

# होटल संघद्वारा पर्यटनमन्त्रीलाई पाँच बुँदे ध्यानाकर्षण

**पोखरापत्र संवाददाता**
पोखरा, १२ पुस

होटल संघ पोखरा नेपालले पर्यटन क्षेत्रलाई उद्योग सरहको मान्यता दिन सरकारको ध्यानाकर्षण गराएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री अनिलकुमार सिन्हालाई शनिबार पाँच बुँदे ध्यानाकर्षण पत्र बुझाउँदै संघका अध्यक्ष लक्ष्मण सुवेदीले चालू बजेटमा पर्यटन क्षेत्रलाई उद्योग सरहको मान्यता प्रदान गरी सोही अनुसारको सुविधा प्रदान गर्ने विषय उल्लेख गरिए पनि त्यो कार्यान्वयन हुन नसकेको स्मरण गराएका थिए। उद्योग र कानून मन्त्रालयको समेत जिम्मेवारी सम्हालेका मन्त्री सिन्हालाई संघले पोखरामा स्वागत गर्दै उल्लेखित विषयलाई शीघ्र कार्यान्वयनमा लैजान ध्यानाकर्षण गराएको थियो।

हालसम्म आन्तरिक उडानमा मात्रै सीमित रहेको पोखरा अन्तर ाष्ट्रिय विमानस्थलबाट भारत र चीनका विभिन्न शहरहरूमा उडान सञ्चालन गराउन आबश्यक पहल अगाडि बढाउन पनि अध्यक्ष सुवेदीले ध्यानाकर्षण गराएका थिए। यसका साथै छिमेकी देशका सीमावर्ती शहर र आन्तरिक पर्यटकलाई लक्षित गर्दै प्रादेशिक शहरबीच आन्तरिक हवाई सञ्जाल विस्तार गर्न समेत संघले माग गरेको छ । यसैगरी २०५७ भन्दा पहिले निर्माण भएका साना तथा मझौला होटल उद्योगहरूले गर्नु पर्ने वातावरणीय अध्ययन व्यवहारिक नभएको भन्दै यसलाई खारेज गर्न संघले माग गरेको छ। जेन-जी आन्दोलनबाट प्रत्यक्ष प्रभावित होटल प्रतिष्ठानहरूलाई पुनरुत्थानका लागि उचित



राहतको व्यवस्था गर्न र पोखरासँग जोडिएका मुख्य राजमार्गको स्तरोन्नति कार्यलाई तोकिएको समयसम्म पूरा गर्न सम्बन्धित निकायलाई दबाब दिनुपर्ने आबश्कता समेत संघले स्मरण गराएको छ। सो अवसरमा मन्त्री सिन्हाले पर्यटन क्षेत्रलाई उद्योग सरहको सहुलियत दिने विषयमा छलफल अगाडि बढेको र छिटै कार्यान्वयन हुने आश्वासन दिए।

पोखराबाट अन्तर्राष्ट्रिय उडान गर्ने विषयमा पनि सरकार लागि परेको दाबी उनले गरे । गण्डकी प्रदेशका पर्यटन मन्त्री मित्रलाल बश्यालले विमानस्थलको विषयमा धेरै पटक संघीय सरकारको ध्यानकर्षण गराइएको विषय स्मरण गराए। सो अवसरमा आयोजित छलफल कार्यक्रममा बोल्दै नेपाल पर्यटन बोर्डका पूर्व सदस्य एवं संघका सल्लाहकार विश्वशंकर पालिखेले नेपालमा अपेक्षित पर्यटक नआउनुको कारण खोजिनुपर्ने भनाई राखे। उनले सातै प्रदेशमा पर्यटन मार्ट आयोजना गर्न बोर्डले सहजिकरण गरी प्रवर्द्धनका काम अगाडि बढाउनुपर्ने सुझाव राखे।

पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले लगानीको सुरक्षा र व्यावसायिक वातावरण निर्माण गर्नेतर्फ सरकार गंभीर बन्नुपर्ने भनाई राखे। जेनजी आन्दोलनको क्रममा लुटिएका हतियारहरु फिर्ता र बन्दीहरु पक्राउ नगरिएसम्म सुरक्षाको वातावरण तयार हुन सक्दैन, उनले भने । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख मणिराज लामिछानेले बंगलादेशी र श्रीलंकन मुद्रा सटहीको सहज सुविधा नेपालमा गर्न सके पर्यटन क्षेत्र अगाडि बढ्न मद्दत पुग्ने सुझाव राखे । पोखरा पर्यटन परिषद्का प्रथम उपाध्यक्ष हरि भुजेलले पर्यटकीय लेकसाइड क्षेत्रमा पार्किङलाई व्यवस्थित गरिनुपर्ने सुझाव राख्दै फेवातालको मापदण्ड सम्वन्धि अदालतले गरेको फैसला सच्याइनुपर्ने माग राखे । संघका निवर्तमान अध्यक्ष विकल तुलाचनले उपस्थित सबैलाई धन्यवाद दिए । होटल क्राउन हिमालयजमा आयोजित कार्यक्रम संघका कोषाध्यक्ष नेत्रप्रसाद पौडेल (रमेश)ले संचालन गरेका थिए।

# शिक्षकलाई स्थानीय भत्ता उपलब्ध गराउन माग

**पोखरापत्र संवाददाता**
पोखरा, १२ पुस

नेपाल शिक्षक महासंघ, कास्कीले शिक्षक तथा कर्मचारीलाई स्थानीय भत्ता दिने निर्णय कार्यान्वयनका लागि कास्कीका पाँचओटै स्थानीय तहलाई दबाब दिने भएको छ।

शनिवार पोखरा स्थित सहारा बाल आधारभूत विद्यालयमा सम्पन्न महासङ्घको बैठकबाट दरबन्दी मिलान र प्रधानाध्यापक छनोटलाई विधिसम्मत बनाउनसमेत आग्रह गर्ने निर्णय गरेको छ। उक्त बैठकले शिक्षक आन्दोलन २०८१/ २०८२ को समीक्षा गरी आय व्यय पनि अनुमोदन गरेको छ साथै शिक्षक सरुवासम्बन्धी निर्देशिकाका विषयमा पनि छलफल गरेको शिक्षक परिषद गण्डकीका अध्यक्ष रुद्र बहादुर कार्की राजु ले बताए।

जिल्ला समिति कास्कीका अध्यक्ष भोलानाथ पौडेलको अध्यक्षता भएको बैठकमा नेपाल शिक्षक महासङ्घ, राष्ट्रिय समितका उपाध्यक्ष रामप्रसाद पोखरेलले पेसागत अधिकार स्थापित गर्नका लागि सम्पूर्ण शिक्षक/कर्मचारी एक हुनुपर्नेमा जोड दिए। बैठकले आगामी पुस



२७ गते पोखरामा जिल्ला परिषद बैठक आयोजना गर्नका लागि सहअध्यक्ष डिल्लीराम बरालको संयोजकत्वमा व्यवस्थापन समिति गठन गरेको छ । त्यसै गरी दरबन्दी मिलान तथा समायोजनका लागि महासङ्घको आधिकारिक धारणा तय गर्ने र कास्की जिल्लास्थित ५ ओटै पालिका तथा शिक्षा विकास तथा समन्वय इकाइ, कास्कीमा महासङ्घ कास्कीमा शिक्षकका आबद्ध तथा सम्बद्ध पेसागत घटकहरूसमेतको आवश्यक राय सल्लाह र परामर्शमा आवाज तथा दृष्टिकोणहरूलाई लागू गर्न गराउन समन्वय गर्ने निर्णय गरेको छ । कास्की जिल्लाभित्र भएका विविध शैक्षिक समस्याको सामूहिक रूपमा सामाना गर्दै समाधानको बाटामा लाग्ने निर्णय पनि गरिएको सहअध्यक्ष डिल्लीराम बरालले जानकारी दिए । बैठकका नेपाल शिक्षक महासङ्घका पूर्वकेन्द्रीय सदस्य एवम् साहारा आधारभूत विद्यालयकी प्रधानाध्यापक लोचना अधिकारी, नेपाल शिक्षक सङ्घ, कास्कीका अध्यक्ष राजु क्षेत्री, शिक्षक महासङ्घ, कास्कीका पूर्वअध्यक्ष बोधराज पौडेल, नेपाल शिक्षक परिषद्, गण्डकी प्रदेशका अध्यक्ष रुद्रबहादुर कार्की 'राजु', नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका कास्की जिल्ला अध्यक्ष तीर्थराज ढकाल, एकीकृत अखिल नेपाल शिक्षक सङ्गठनका कास्की अध्यक्ष महेन्द्रमणि पौडेल,प्रगतिशील नेपाल राष्ट्रिय शिक्षक सङ्गठन, कास्कीका अध्यक्ष कलाधर शर्मा, नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका जिल्ला सचिव दामोदर तिमिल्सिनालगायतका शिक्षकका नेताहरूले आआफ्ना तर्फबाट धारणा राखेका थिए।

# माछापुच्छ्रे कप पोखरा ओपन तथा भेट्रान्स टेनिसमा कमल थापाको विजयी शुरुवात

**पोखरापत्र संवाददाता**
पोखरा, १२ पुस

कास्की जिल्ला टेनिस संघको आयोजनामा पोखरा रंगशालामा जारी २२ औं माछापुच्छे कप पोखरा ओपन तथा भेट्रान्स अन्तर ाष्ट्रिय टेनिस प्रतियोगितामा कमल थापाले विजयी शुरुवात गरेका छन्।

शनिबार भएको खेलमा ६५ वर्ष माथिको डबल्सतर्फ छ्यायाम्बा ढुन्डुपलाई जोडी बनाएका थापाले सुदिप्ता चक्रवर्ती र प्रदीप मुखर्जीको जोडीलाई ४-०,४-१ को सेटमा पराजित गरेका हुन्।

शनिबार भएको ३५ वर्ष माथिको एकलतर्फ सञ्जय प्रसाद श्रेष्ठले लक्ष्मण तामाङलाई अत्यन्तै प्रतिस्पर्धात्मक खेलमा ६-४, ३-६ र सुपटटाईमा १०-५ ले पराजित गरेका छन् । त्यस्तै, विकास खड्काले नवराज शर्मालाई ६-१, ६-१ ले, पेमा नोर्बुले श्रीजन सिंहलाई ६-०, ६-१ ले, दावा शेर्पाले माधवसिंह बिष्टलाई ६-०, ६-० ले, सोम राणाले सबिन श्रेष्ठलाई ६-१, ६-३ ले, सुजन श्रेष्ठले निरज रेग्मीलाई ६-३, ७-६ ले, सन्तोष खत्रीले भीमबहादुर मगरलाई ६-३ , ६-३ ले, अनिल शाहीले गगन महर्जनलाई ६-१, ६-१ ले पराजित गरेका छन् । ४५ वर्ष



माथिको एकलतर्फ अमित गुरुङले रामबहादुर बिकमाथि ६-२, १-६ र सुपरटाईमा १०-६ को कठिन सेटमा जित निकाले।

त्यस्तै, कमल भण्डारीले भिष्मराज पौडेललाई ६-३, ६-४ ले, सन्दुक के. लामाले प्रकाश बस्नेतलाई ६-४, ६-२ ले, केबी लामाले जिनमान किमलाई ६-२, ६-१ ले, देव क्षेत्रीले शरण गुरुङलाई ६-०, ६-१ ले, निरज थापाले मनोज कुमार श्रेष्ठलाई ६-१, ७-५ ले, रोहित सुनुवारले आशिष सिग्देललाई ६-१, ६-० ले, सेजार गुरुङले राज गुरुङलाई ७-६, ६-० ले, अमित गुरुङले हेमराज ढकाललाई ६-४, ६-५ ले पराजित गरे। ५५ वर्षमाथिको मेन्स सिङ्गलमा जितेन्द्र प्रधानले उत्तम बोगटीलाई, महेन्द्र थापाले जितेन्द्र खड्कालाई राजकुमार गुरुङले हर्क बहादुर गुरुङलाई जीवन घिमिरेले करिमुल्ला मुस्लिमलाई, उत्तम कुमार लामाले समीर शेरचनलाई, अनु जोनले सुनिल गुरुङलाई, बिमल के गुरुङले संजय झालाई, बिदुर बिष्टले धीरबहादुर गुरुङलाई पराजित गरेका छन् । ४५ वर्ष माथिको मेन्स डबलमा गोपीबहादुर भट्टराई र धरमबहादुर लामिछानेको जोडीलाई नविन चालिसे र निरज थापाको जोडीले तथा भिष्मराज पौडेल र लोक गुरुङको जोडीलाई रोहित सुनुवार र जोली तार्गेनको जोडीले सुपर टाईमा पराजित गरे।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. विनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको शल्यरहित उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. जन्डिसको कालोपोतो र इन्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. बाथ तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

## प्रदेश ...

गरेकोमा संघको प्रशंसा गर्दै पोखरा सहित गण्डकीमा छायाङ्कन भएका फिल्मले विश्व बजारमा व्यापक प्रर्बद्धन भएको मन्त्री थापाले जनाउनु भयो । चलचित्र पत्रकार संघलाई सिनेमा संवादका लागि ५ लाख बजेट विनियोजन गरिएको समेत मन्त्री थापाले बताउनु भयो। संघका केन्द्रिय अध्यक्ष समिर वलामीले एउटै नेपाली फिल्मले ६० करोडसम्म आम्दानी गर्न सफल भएको बताउदै चलचित्र बनाउदा बिषेश ध्यानदिनुपर्ने जनाउनु भयो । चलचित्र पत्रकारले फिल्मको बारेमा सामान्य चर्चा मात्र नगरी त्यसको मर्म र भावना फिल्मले दिन खोजेको सन्देस समेत बाहिर उजागर गर्न सक्नु पर्ने बताउनु भयो। कार्यक्रममा गण्डकीका प्रेस रजिष्टार विमला भण्डारी, पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बराल, संघका संस्थापक अध्यक्ष श्रीराम सिग्देल, पूर्व अध्यक्ष अरुण गिरी लगायतले चलचित्रको महत्वका बारेमा चर्चा गर्नु भएको थियो । संघका अध्यक्ष प्रभु अधिकारी रोजगारको लागि विदेशीय पछि केही समय देखि संघ नेतृत्व विहिन जस्तो भएको थियो।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।
– पल क्लिथेरोई

## सम्पादकीय

# सडक महोत्सव : पोखराको ब्रान्ड

सडकमै खाऔं, सडकमै नाचौं, सडकमै रमाऔं भन्ने नारासहित थालिएको लेकसाइडको सडक महोत्सव पोखराको ब्राण्ड बनेको छ । सडकमा सांगीतिक र रेष्टुराँ राखेर परिकारको स्वाद लिन पाउने अवसर मिलाउन थालेको २६ वर्ष पुरा भएको छ । अंग्रेजी नयाँ वर्ष मनाउन नेपालीलाई पोखरा जाने र क्रिसमस मनाउन आफ्नै देश फर्कने विदेशी पर्यटकहरुलाई समेत नयाँबर्षको रमाइलो मनाउन पाउँने मेला हो, पोखरा सडक महोत्सव । नेपालीहरुलाई पनि परिवार सहित घुमघाम गर्ने अवसर बनेको छ सडक महोत्सव । सडकमै रेष्टुराँको परिकारका साथै पर्यटकीय गतिविधि जानकारी गराउन सडक महोत्सव मनाउन थालिएको २६ वर्ष पुगेर २७ औं वर्ष लागेको छ ।

रेष्टुरेष्ट एण्ड बार एशोसिएसन (रेवान) पोखराले आइतबार डिसेम्बर २८ बाट शुरु गर्ने २७ औं संस्करणको सडक महोत्सव जनवरी १ बिहीबार सम्म चल्नेछ। हरेक व्यक्तिहरुलाई नयाँ ठाउँ घुम्ने रमाइलो गर्ने इच्छा हुन्छ। सडक महोत्सवको रमाईलो गर्न पाइने आशामा मध्यमस्तरका नेपालीहरु पनि पोखरामा आउने गरेका छन् । महोत्सवको बेला पोखराका पर्यटकीय स्तरका होटलहरु आन्तरिक पर्यटकले पनि भरिभराउ हुने गरेको छ । पर्यटन व्यवसायीहरुको सक्रियतामा मनाउन थालिएको सडक महोत्सवलाई पोखराका विभिन्न जातजातिले सघाउदै आएका छन् । आफ्ना मौलिक भेषभूषा र परम्परा झल्कने झाकी प्रर्दशन गरेर विविधतामा एकता प्रर्दशन गर्ने अवसर बनेको छ । त्यसमा सवैले सहकार्य गर्ने वातावरण वन्दै जानु महोत्सवको सफलता हो । सडक महोत्सव पोखराको ब्राण्ड बन्न सकेको छ ।

जेनजी आन्दोलन र आर्थिक मन्दीले थला परेको पर्यटन क्षेत्रलाई उकास्न महोत्सवले सहयोग गरेको छ। पोखरा पर्यटकको लागि सुरक्षित र खुला छ भन्ने सन्देश पनि यस्ता महोत्सवले दिन सक्छ। चाडपर्व र मेला , महोत्सवका अवसरमा रमाइलो गरी मनाउने नेपालीहरुको परम्परा बन्दै आएको छ । हरेक चाडपर्वलाई मेला/उत्सवको रुपमा मनाउने पोखेलीहरुले नमूना पेश गरेका छन् । मेलालाई नयाँ रुपमा मनाउने र पर्यटनसंग जोड्ने पोखेलीहरुको मौलिकता हो । मेलालाई महोत्सवको रुप दिएर त्यसमा विविधता दिनु परिस्कृत रुप हो । सबैलाई सामेल गराएर रमाइलो दिन सकेमा त्यसले निरन्तरता पाउँछ । मेला, महोत्सव सफल पार्न प्रायोजकले गर्ने सहयोग र दर्शकहरुको ओइरो लागेर पोखराकै चिनारी गराउन सकेको छ । मेला महोत्सव पर्यटन प्रबर्द्धन गर्न, मौलिक संस्कृतिको जगेर्ना र नयाँ संभावनाको खोजी गर्न सघाउ पुऱ्याउँछ । सडक महोत्सवको मुख्य आकर्षण साँझ र रातिको समयमा हुने भएको हुँदा सुरक्षा र यातायातको राम्रो प्रबन्ध हुनु पर्दछ ।

देश संघीय संरचनामा गएको हुँदा तीनै तहका सरकार मिलेर मात्र आफ्नो क्षेत्रको विकास हुन सक्छ । स्थानीय र प्रदेश सरकारले प्रदेश राजधानी पोखराको पर्यटन प्रवर्द्धन गर्न निजी क्षेत्रसँग सहकार्य गर्नुपर्दछ। सरकार र निजी क्षेत्र मिलेर मात्र पोखराको पर्यटन विकास हुन सक्छ । पोखरा पर्यटकीय राजधानी घोषण र पर्यटन वर्षको अवसरका रुपमा पनि लिइएको छ। सरकारले पर्यटन क्षेत्रका व्यवसायीहरुलाई उभिनसक्ने वातावरण बनाउनु पहिलो कर्तव्य हो ।

जेनजी आन्दोलनको नाममा पोखराका होटल मा भएको आगजनी, तोडफोड र लुटपाटमा संलग्नलाई कार्वाही र क्षतिपूर्ती दिएर मल्हम लगाउनुपर्छ ।निजी क्षेत्रलाई अबरोध नगर्ने र सुरक्षाको प्रत्याभूति पहिलो शर्त हो। सरकार र निजी क्षेत्रले कस्ता गतिविधि सञ्चालन गर्दा पर्यटकलाई आकर्षित गर्न सकिन्छ भनेर संघीय सरकारसंग योजना पेश गर्नुपर्दछ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान हुने व्यवस्था मिलाउनु पर्छ । काठमाडौंबाट पोखरा आउन नौबिसे मुग्लीन सडकको दुरावस्था हटाउन समयमै काम सक्न निर्माण कम्पनीलाई दबाब दिनु जरुरी छ । यस्तै सिद्धार्थ राजमार्गको सुधार पनि उत्तिकै जरुरी छ ।

पर्यटकको बसाई अवधि लम्ब्याउने र जीवनमा एक पटक पोखरा पुग्नैपर्ने रहेछ भन्ने सन्देश प्रबाह गर्ने काम पनि पोखेलीको हो । कस्तुरीलाई आफ्नै विना थाहा नपाएर भौतारिए झै स्थानीय र प्रदेशको अधिकार र महत्वलाई नबुझि केन्द्रीकृत शासन प्रणाली कै शैलीमा गतिविधि हुन थालेमा त्यसले केहि व्यक्तिलाई फाइदा पुऱ्याए पनि पोखरा र पोखरेलीले त्यसको फाइदा लिन सक्नेछैनन् । अग्रेजी नयाँ वर्षको अवसरमा भएको महोत्सवले पर्यटन क्षेत्रमा नयाँपन दिन प्रेरित गरोस सफलताको शुभकामना ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : मानसिक तनाब | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : शत्रुको भय | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शुभ यात्रा | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# किसानलाई अनुदान रकम प्रदान

**पोखरापत्र संवाददाता**
पर्वत, १२ पुस

जिल्लाको बिहादी गाउँपालिकाले गोरु पाल्ने किसानलाई प्रोत्साहनस्वरुप अनुदान प्रदान गरेको छ । गाउँपालिकाभित्रका ४७ जना किसानलाई जनही रु १० हजार प्रदान गरिएको छ ।

यान्त्रिक हलो चलाउने दक्ष जनशक्तिको अभाव, ग्रामीण भेगमा इन्धन सहज रूपमा उपलब्ध नहुने, यन्त्र बिग्रेमा मर्मत गर्न समस्या हुने तर गोरु पाल्ने किसानका कारण कृषिकर्मलाई निरन्तरता दिन सहिने भएकाले उनीहरूलाई अनुदान दिइएको विहादी गाउँपालिका अध्यक्ष परविन गुरुङले राससलाई जानकारी दिनुभयो । ती किसानले यान्त्रिक हलो प्रयोग नगरी गोरु पाल्दै आएका छन् भने परम्परागत रुपमा काठको हलो, जुवा, लिङ् को प्रयोग गरेर खेती गर्दै आएका छन् । छ वडाको विहादीमा वडा नं १ बाच्छाका सात जना, वडा नं २ बर्राचौरका १३ जना, वडा नं ३ रानीपानीका छ जना, वडा नं ४ वहाकीका एक जना, वडा नं ५ उरामपोखराका १२ जना र वडा नं ६ शालिग्रामका सात जना किसानलाई अनुदान रकम प्रदान गरिएको हो । यसअघि विहादी गाउँपालिकाले प्रजननका लागि राँगा पाल्ने कृषकलाई रु १० हजार अनुदान, स्थानीय जातका गाई पाल्ने कृषकलाई सुत्केरी भत्ता तथा प्रोत्साहन रकम प्रदान गरेको थियो । यसैगरी, व्यावसायिक दूध उत्पादनका लागि उन्नत जातका गाईभैंसी खरिद गर्ने कृषकलाई प्रतिगाई वा भैंसी रु २० हजार का दरले अनुदान दिइएको छ ।

# पाँच जना फरार प्रतिवादी पक्राउ

**पोखरापत्र संवाददाता**
दमौली, १२ पुस

जिल्ला प्रहरी कार्यालय तनहुँले विभिन्न मुद्दामा फरार रहेका प्रतिवादी तथा जेनजी आन्दोलनको क्रममा कारागार तोडफोड गरी फरार भएका पाँच जना कैदी तथा थुनुवालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय तथा मातहतका प्रहरी टोलीले जिल्लाका विभिन्न स्थानबाट खोजतलास गरी फरार प्रतिवादीलाई शुक्रबार पक्राउ गरेको हो । पक्राउ परेका प्रतिवादीलाई लगत कट्टा प्रयोजनका लागि जिल्ला अदालत तनहुँमा उपस्थित गराइएको तथा कैद भुक्तान गर्नुपर्ने कैदीलाई जिल्ला कारागारमा बुझाइएको प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिनुभयो ।

पक्राउ पर्नेमा व्यास नगरपालिका–८ बस्ने ५२ वर्षीय शमशेर कुमाल रहेका छन् । उनीमाथि जबरर्जस्ती चोरी मुद्दामा जिल्ला अदालतको लगत नं ५८१ अनुसार रु ४७ हजार ८५० जरिवाना तोकिएको थियो । धरौटी तिर्न नसकेपछि निजलाई कारागार चलान गरिएको थियो ।

त्यसैगरी बन्दीपुर गाउँपालिका–४ का ३४ वर्षीय आशिष कायस्थ लागुऔषध मुद्दामा पक्राउ परेका छन् । कायस्थ रु २७ हजार जरिवाना तिरेर छुटेका छन् । घिरिङ गाउँपालिका–१ बस्ने २७ वर्षीया प्रितिमाया थापा बहुविवाह मुद्दामा पक्राउ परेकी छन् । उनलाई ११ महिना १३ दिन कैदसहित रु १० हजार जरिवाना तोकिएको छ । निजलाई कैद भुक्तानका लागि कारागार चलान गरिएको प्रहरीले जनाएको छ । यसैगरी जेनजी आन्दोलनका क्रममा कारागार तोडफोड गरी फरार भएका म्याग्दे गाउँपालिका–१ बस्ने ४९ वर्षीय सीताराम कामी र शुक्लागण्डकी नगरपालिका–२ बस्ने २२ वर्षीय अनमोल रिमाललाई पक्राउ गरिएको प्रनाउ विकले बताउनुभयो । उहाँका अनुसार पक्राउ परेका कैदी तथा थुनुवालाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी कैद भुक्तानका लागि जिल्ला कारागारमा बुझाइएको छ ।

# चालीस वर्षीया पुनमकली बनिन् 'मिस हात्ती सुन्दरी–२०८२'

**रासस**
चितवन, १२ पुस

सौराहामा जारी १९औं चितवन हात्ती तथा पर्यटन महोत्सव–२०८२ अन्तर्गत शनिबार दोस्रो दिन आयोजित हात्ती सुन्दरी प्रतियोगिताको उपाधि ४० वर्षीया पुनमकलीले जितेकी छन् । चार वटा हात्तीलाई पछि पार्दै पुनमकलीले 'मिस हात्ती सुन्दरी–२०८२'को उपाधि जितेकी हुन् । होटल लेण्डमार्क पोखरासँग आबद्ध पुनमकलीले कुल ३०० पूर्णाङ्कमध्ये २५० अङ्क प्राप्त गर्दै पहिलो स्थान हासिल गरिन् ।

महोत्सवका सह–आयोजक संस्था युनाइटेड हात्ती सञ्चालन सहकारी संस्था लिमिटेडका व्यवस्थापक विनोद तिमिल्सेनाका अनुसार प्रतियोगितामा सेल्फीकली, चम्पाकली, पूजाकली र समृद्धिकली सहभागी थिए ।

प्रतियोगितामा होटल गौतम बर्दिवाससँग आबद्ध २० वर्षीया हात्ती सेल्फीकलीले २३५ अङ्क ल्याएर दोस्रो स्थान हासिल गरिन् भने हेरिटेज ट्राभल काठमाडौँसँग आबद्ध ३५ वर्षीया हात्ती चम्पाकलीले २२४ अङ्क प्राप्त गर्दै तेस्रो भइन् । यसैगरी, होटल श्रीनगर पाल्पासँग आबद्ध ४० वर्षीया पूजाकली चौथो र हिमालय सोसल जर्नीसँग आबद्ध २६ वर्षीया समृद्धिकलीले पाँचौँ स्थान हासिल गरिन् । राष्ट्रिय प्रकृति संरक्षण कोषका पशु चिकित्सक डा अमिर सडौलाका अनुसार प्रतियोगितामा हात्तीको आनीबानी, सरसफाइ, हिँडाइ, श्रृङ्गार, सुन्दरता, सजावटसँगै हात्ती र माउतेबीचको सम्बन्ध, हात्तीको स्वास्थ्य अवस्था तथा हेरचाहको स्तरको मूल्याङ्कन गरिन्छ । सोही आधारमा सुन्दरी हात्ती छनोट गरिने उहाँले जानकारी दिनुभयो । "विशेषगरी माउतेले दिएको आदेश हात्तीले कत्तिको पालना गरेको छ, माउते–हात्तीबीचको समन्वय, अनुशासनलगायत पक्षमा अङ्क प्रदान गरी अन्तिम निर्णय गरिन्छ", डा सडौलाले भन्नुभयो ।

क्षेत्रीय होटल सङ्घ चितवनको आयोजनामा सौराहासहित जिल्लाको पर्यटन प्रवर्द्धनका लागि हरेक वर्ष हात्ती तथा पर्यटन महोत्सव आयोजना हुँदै आएको छ । महोत्सव तीन दिनसम्म सञ्चालन हुनेछ । सौराहास्थित बाघमारा चौरमा जारी महोत्सवमा रत्ननगर नगरपालिका संरक्षक तथा युनाइटेड हात्ती सञ्चालन सहकारी संस्था लिमिटेड सह–आयोजक रहेको छ ।

# इन्द्रराज्यलक्ष्मी मा.वि. को वार्षिक खेलकुद सम्पन्न



**पोखरापत्र संवाददाता**
पोखरा, १२ पुस

पोखरा महानगरपालिका वडा नम्बर १६ लामाचौर स्थित श्री इन्द्रराज्यलक्ष्मी माध्यमिक विद्यालयको वार्षिक खेलकुद कार्यक्रम–२०८२ पुरस्कार वितरणसँगै भव्य रूपमा सम्पन्न भएको छ ।

यही पुस ६ गतेदेखि सुरु भएको खेलकुद प्रतियोगिता शुक्रबार एक विशेष समारोहका बीच समापन गरिएको हो ।

प्रतियोगितामा नर्सरीदेखि कक्षा १२ सम्मका विद्यार्थीहरूले उत्साहजनक सहभागिता जनाएका थिए । कार्यक्रमको सुरुवातमा रातो, निलो, हरियो र पहेलो सदनका विद्यार्थीहरूले उत्कृष्ट मार्चपास प्रदर्शन गरेका थिए । चार दिनसम्म चलेको उक्त प्रतिस्पर्धामा विद्यार्थीहरूले निम्नलिखित खेलहरूमा आफ्नो कौशल देखाएका थिए ।

एथलेटिक्स तर्फ १०० मिटरदेखि १६०० मिटरसम्मको दौड, रिले दौड, भाला फाल्ने र सटपुट , अन्यः टेबल टेनिस, म्युजिकल चेयर, मिठाई दौड, बोरा दौड र तातो आलु रहेका थिए । यस वर्षको खेलकुदमा समग्र विधामा उत्कृष्ट प्रदर्शन गर्दै पहेलो सदन 'हाउस अफ द इयर' घोषित भई रनिङ सिल्ड हात पार्न सफल भएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दिलबहादुर थापाको अध्यक्षतामा सम्पन्न पुरस्कार वितरण समारोहमा विजेता विद्यार्थीहरूलाई मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो । कार्यक्रममा विव्यस अध्यक्ष थापा, शिक्षक अभिभावक संघका अध्यक्ष राजकुमार क्षेत्री र प्रधानाध्यापक केशवप्रसाद अम्गाईले पुरस्कार वितरण गर्नुभएको थियो ।

सोही अवसरमा नवआदर्श सामुदायिक विकास समाजद्वारा कक्षा ९ देखि १२ सम्मका विद्यार्थीका लागि आयोजित निबन्ध लेखन प्रतियोगिताका विजेताहरूलाई पनि पुरस्कृत गरिएको थियो । समाजका अध्यक्ष ई. दिनेश भण्डारीले विद्यालयलाई एक थान ल्यापटप, दुई थान भलिबल र बास्केटबल हस्तान्तरण गर्दै आगामी दिनमा पनि सहकार्य जारी राख्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । कार्यक्रममा विव्यस सदस्य निर्मल थापा, सहायक प्रधानाध्यापक बलबहादुर श्रेष्ठ, शैक्षिक संयोजक धनकुमार श्रेष्ठ, अतिरिक्त क्रियाकलाप संयोजक गीता कुमारी शर्मा, प्रावि इन्चार्ज सिर्जना थापा लगायत सम्पूर्ण शिक्षकर विद्यालयका कर्मचारीहरूको उपस्थिति रहेको थियो । विद्यालयका सहायक प्रधानाध्यापक बलबहादुर श्रेष्ठले स्वागत मन्तव्य राख्नुभएको उक्त कार्यक्रमको सञ्चालन सहायक प्रधानाध्यापक एवं सूचना अधिकारी सीता पौडेलले गर्नुभएको थियो । यसअघि खेलकुद सामग्री हस्तान्तरण गरी विव्यस अध्यक्ष थापा, सदस्य अनुगमन समिति संयोजक चित्रबहादुर थापा, आन्तरिक खरिद समितिका संयोजक निर्मल थापा र प्रधानाध्यापक अम्गाईले संयुक्त रूपमा खेल सप्ताहको उद्घाटन गर्नुभएको थियो ।

# लालीगुराँस बहुउद्देश्यीय सहकारीद्वारा सफलतापूर्वक रक्तदान कार्यक्रम सम्पन्न




**पोखरापत्र संवाददाता**
पोखरा, १२ पुस

लालीगुराँस सहकारीद्वारा आयोजित रक्तदान कार्यक्रम शनिबार सफलतापूर्वक सम्पन्न भएको छ ।

पोखरा १२ लालीगुराँस टोल स्थित रहेको सहकारीले "रक्तदान जिवनदान" भन्ने मूल नाराका साथ कार्यालय परिसरमा रक्त संचार केन्द्र कास्कीको प्राविधिक सहयोगमा बृहत रक्तदान कार्यक्रम सम्पन्न गरेको हो ।

कार्यक्रमका प्रमुख अतिथि भरतराज पौडेलले पहिलो रक्तदाता शिवराज घिमिरेलाई ब्लड ब्याग हस्तान्तरण गरी कार्यक्रमको उद्घाटन गर्नुभएको थियो । प्रमुख अतिथिको मन्तब्य राख्दै पौडेलले रक्तदानलाई मानव सेवा र सामाजिक उत्तरदायित्वसँग जोडिएको महत्वपूर्ण कार्य भन्दै निरन्तर यस्ता सामाजिक अभियानले समाजलाई सशक्त बनाउने बताएका थिए ।

रक्तदान कार्यक्रममा ६४ युनिट रगत संकलन गरिएको जानकारी गराउँदै कार्यक्रम संयोजक देव कुमार श्रेष्ठले सहभागी सबै रक्तदाताहरूप्रति आभार व्यक्त गर्दै सहकारीले आगामी दिनहरूमा पनि सामाजिक कार्यमा निरन्तर योगदान पुऱ्याइरहने प्रतिबद्धता व्यक्त गरे । साथै संयोजक श्रेष्ठले उपसमितिका सदस्य श्री फणीनारायण भट्टराई र गायत्री कुँवरले कार्यक्रम सफल बनाउन महत्पूर्ण भूमिका निर्वाह गरेको समेत बताए । संस्थाका कानूनी सल्लाहकार रुद्र न्यौपानेले रक्तदान कार्यक्रमले समाजमा परोपकार, सहयोगैँ मानवीयता बढाउने र स्थानीय समुदायमा रक्तदान प्रति जागरूकता फैलाउने कार्यमा महत्वपूर्ण भूमिका खेलेको बताए । सहकारीका अध्यक्ष दुर्गा वहादुर थापाको अध्यक्षतामा भएको कार्यक्रममा सहकारीका सल्लाहकार प्रा डा यदुनन्दन उपाध्यायेँ कुँडहर सेवा समाजका अध्यक्ष दया बरालेँ भद्रकाली आमा समूहका अध्यक्ष अन्जना घिमिरे लगायतले शुभकामना मन्तव राखेका थिए भने कार्यक्रमको सञ्चालन संस्थाका सचिव गोपाल अधिकारीले गरेका थिए ।

रक्तदान कार्यक्रममा सहभागी सबैलाई रक्तदान गरेको फोटो समावेश भएको प्रमाणपत्र वितरण गरिएको समेत सचिव अधिकारीले बताए । सहकारीका पदाधिकारी, सदस्यैँ स्थानीय बासिन्दा र स्वयंसेवकहरूको सक्रिय सहभागिताले कार्यक्रम अत्यन्तै प्रभावकारी र सफल बनेको आयोजकले जनाएको छ ।

# पाठेघरको मुखको क्यान्सरसम्बन्धी निःशुल्क स्वास्थ्य परीक्षण

**पोखरापत्र संवाददाता**
दमौली, १२ पुस

पाठेघरको मुखको क्यान्सरसम्बन्धी निःशुल्क स्वास्थ्य परीक्षणबाट दुई सय ११ जना लाभान्वित भएका छन् । 'इनर ह्विल क्लब' दमौलीले शनिबार यहाँ आयोजना गरेको पाठेघरको मुखको क्यान्सरसम्बन्धी निःशुल्क स्वास्थ्य परीक्षण शिविरबाट दुई सय ११ जनाले सेवा लिएकामा चार जनामा समस्या देखिएको छ ।

शिविरमा शनिबार सहभागी महिलाको आँखामा डरभन्दा आशा झल्किएको थियो । जीवनसँग प्रत्यक्ष जोडिएको विषयलाई केन्द्रमा राखेर क्लबले आयोजना गरेको शिविरमा महिलाले खुलेर आफ्ना समस्या चिकित्सकलाई जानकारी गराएका थिए । कतिपय महिलाले पहिलोपटक जाँच गराएकाले केही त्रास र असहज सहसुस भने गरेका क्लबका अध्यक्ष सिर्जना घिमिरेले बताउनुभयो ।

कार्यक्रममा सहभागी गण्डकी प्रदेशकी पूर्वसांसद सरिता गुरुङ स्वयं जाँच गराउन लाइनमा बस्नुभएको थियो । उहाँले स्वास्थ्य सचेतना भाषणमा होइन, व्यवहारमा देखिनुपर्ने बताउँदै समयमै जाँच गरी समस्या पत्ता लगाउन सके क्यान्सर रोकथाम गर्न सकिने धारणा राख्नुभयो । चिकित्सक, नर्स र स्वास्थ्यकर्मीले सरल परामर्श दिएपछि महिलाको मनमा रहेको डर हटाएको उहाँको भनाइ छ । शिविरमा दुई सय ११ महिलाको स्वास्थ्य परीक्षण गरिएकामा चार जनामा समस्या देखिएको क्लबका अध्यक्ष घिमिरेले जानकारी दिनुभयो । उहाँका अनुसार चार जनाको पाठेघरको शल्यक्रिया गर्नुपर्ने छ । बिपी मेमोरियल क्यान्सर अस्पतालका नर्सिङ अधिकृत सुनिता पौडेलले पाठेघरको मुखको क्यान्सरको प्रारम्भिक पहिचान, रोकथामका उपाय तथा नियमित परीक्षणको महत्त्वको बारेमा जानकारी दिनुभयो । इनर ह्विल क्लब अफ दमौलीकी पूर्वअध्यक्ष निर्मला मल्लले महिला स्वास्थ हुनु भनेको परिवार र समाज स्वास्थ्य हुनु हो भन्नुभयो ।

# त्रिकोण कृषि सहकारीको सातौँ साधारणसभा तथा तेस्रो अधिवेशन सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १२ पुस

त्रिकोण कृषि सहकारीको सातौँ साधारणसभा तथा तेस्रो अधिवेशन सम्पन्न त्रिकोण कृषि सहकारी संस्था लिमिटेडको सातौँ वार्षिक साधारणसभा तथा तेस्रो अधिवेशन २०८२ साल पुस १० गते बिहिबार सम्पन्न भएको छ।

कार्यक्रम संस्थाका जेष्ठ मध्यबाट समाजसेवी राधेश्याम उदासको प्रमुख आतिथ्यतामा सम्पन्न भयो। संस्थाका निवर्तमान अध्यक्ष लोकनाथ अर्यालको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन सचिव गणेश चालिसेले गर्नुभएको थियो भने लेखा समितिको प्रतिवेदन प्रकाश कँडेलद्वारा गौरव भण्डारीले कोषाध्यक्षको आर्थिक विवरण प्रस्तुत गर्नुभएको थियो।




त्यसैगरी मयादेवी पराजुलीले स्वागत मन्तव्य राख्नुभएको थियो। जिल्ला बचत सङ्घको सञ्चालक श्री दिपक राज घिमिरे सल्लाहकार मध्यबाट वित्तीय क्षेत्रका ज्ञाता हरिप्रसाद पराजुली, टोल विकास संस्था प्रतिनिधित्व गर्दैशारदा गिरी।गिरी श्री पिताम्बर बराल। ज्यूहरूले समेत मन्तव्य राख्नुभएको थियो।

प्रमुख अतिथि तथा वर्तमान अध्यक्ष मायाको चिनो प्रदान गरिएको थियो । निर्वाचन अधिकृतका रूपमा अधिवक्ता नारायण अर्याल ले निर्वाचित पदाधिकारीहरू सदस्यहरूलाई शपथ ग्रहण गराउँदै प्रमाणपत्र वितरण गर्नुभएको थियो । संस्थाको तेस्रो अधिवेशनमार्फत सहकारीको नयाँ नेतृत्व सर्वसम्मतिबाट चयन पनि गरिएको छ। नवनिर्वाचित पदाधिकारीहरूमा अध्यक्षमा गणेश चालिसे, उपाध्यक्षमा फणीन्द्रराज पराजुली, सचिवमा कमलप्रसाद बाँस्तोला र कोषाध्यक्षमा लालप्रसाद श्रेष्ठ चयन भएका छन् । त्यसैगरी सदस्यहरूमा गौरवराज भण्डारी, नारायण पौडेल, पीताम्बर चापागाईं, डा टिकाराम आचार्य,नारायण अर्याल र चयन हुनुभएको छ । साथै महिला समितिको संयोजकमा मैयादेवी पराजुली, शिक्षा समितिको संयोजकमा सुनिता लामिछाने, लेखासमिति संयोजकमा प्रकाश कँडेल चयन गरिएको छ।

कार्यक्रममा सहकारीका शेयर सदस्यहरूको उल्लेख्य उपस्थिति रहेको थियो। सेयरधनीहरूले सहकारीको संस्थागत सुदृढीकरण, पारदर्शिता तथा कृषक-मुखी कार्यक्रम विस्तारमा जोड दिएका थिए । अधिवेशनले सहकारीलाई अझ प्रभावकारी र दिगो रूपमा अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्दै कार्यक्रम सम्पन्न भएको जनाइएको छ।

# लेखनाथ महोत्सवमा कवि शिरोमणिलाई सम्झिँदै ढकाललाई अभिनन्दन

**पोखरापत्र संवाददाता**
पोखरा, १२ पुस

कवि शिरोमणि लेखनाथ पौड्यालको योगदान स्मरण गर्दै साहित्यिक कार्यक्रम अन्तर्गत शनिवार अभिनन्दन सम्पन्न भएको छ।

नेपाल संस्कृत विश्वविद्यालयबाट 'लेखनाथ पौड्यालका काव्यमा अद्वैत वेदान्त दर्शन' शीर्षकमा विद्यावारिधि उपाधिप्राप्त गरेका डाक्टर वोधराज ढकाललाई अभिनन्दन गरिएको छ। आँधीखोला-६ स्याङ्जामा जन्मेर हाल पोखरा-८, सिमलचौर निवासी ढकालले त्रिभुवन विश्वविद्यालय अन्तर्गत पृथ्वीनारायण क्याम्पसमा नेपाली वाङ्मयका विविध विधाहरुको प्राध्यापन, विभिन्न अनुसन्धानमूलक समीक्षात्मक कृतिहरुको प्रकाशन, शोध निर्देशन जस्ता महत्वपूर्ण कार्यहरु गरेका छन् । कार्यक्रममा बोल्दै नेपाली भाषा तथा साहित्यमा उनको योगदानको कदर भएकोमा साहित्यकार एवम् संस्कृतिविद् प्राध्यापक डाक्टर कुशुमाकर न्यौपानेले खुशी व्यक्त गरेका थिए। उनको प्रशंसनीय कार्यको उच्च मूल्याङ्कन गर्दै लेखनाथ महोत्सव २०८२ का अवसरमा अभिनन्दन पत्र अर्पण गर्न पाएकामा मूल संयोजक जानुका अधिकारीले वास्तवमै यसले कवि शिरोमणिप्रति सम्मान भएको उल्लेख गरिन् । साहित्यिक उप-समिति संयोजक कृष्णप्रसाद ढुङ्गानाले सञ्चालन गरेको कार्यक्रममा लेखनाथ पत्रकार मञ्चका अध्यक्ष एवम् साहित्यिक उप-समिति सदस्य विष्णुहरि पौडेलले स्वागत तथा पोखरा साहित्य प्रतिष्ठानका स्थापनाकालीन अध्यक्ष पदमराज ढकालले स्रष्टा परिचय गराएका थिए। कार्यक्रममा कवि शिरोमणिका कविता वाचन समेत गरिएका थिए।




अभिनन्दित स्रष्टा बोधराज ढकालले सम्मानले आफूलाई थप प्रेरणा मिलेको उल्लेख गरे। संघका पूर्व अध्यक्ष छत्रधर आत्रेय,संस्कृत क्याम्पस पोखराका पूर्व क्याम्पस प्रमुख प्राध्यापक डाक्टर जगन्नाथ रेग्मी लगायतले कवि शिरोमणिको साहित्यिक योगदानलाई स्मरण गरेका थिए। उक्त अवसरमा कवि लेखनाथसँग सम्बन्धित प्रश्नका उत्तर मिलाएका ७ जनालाई जनही एक हजार रुपैयाँ सहित पुरस्कृत गरिएको थियो । महोत्सवका अन्य नियमित कार्यक्रमहरु यथावत चलेका छन्।

# मुद्रण उद्योग संघ कास्कीको अध्यक्षमा दिनेशचन्द्र बास्तोला

**पोखरापत्र संवाददाता**
पोखरा, १२ पुस

मुद्रण उद्योग संघ कास्कीको १६ औँ साधारणसभा तथा छैठौँ अधिवेशनबाट दिनेशचन्द्र बास्तोलाको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन भएको छ।

पोखरा लेखनाथ स्थित होटल डे ब्रेकमा शनिबार सम्पन्न अधिवेशनले आगामी २ वर्षे कार्यकालका लागि नयाँ नेतृत्व चयन गरेको हो । नवनिर्वाचित अध्यक्ष बास्तोलाले संघको गरिमा र व्यवसायिक प्रतिष्ठा अझ उचो बनाउने प्रतिवद्धता व्यक्त गर्दै निर्वाचनमा सक्रिय भूमिका निर्वाह गर्ने निर्वाचन मण्डल तथा सम्पूर्ण सदस्यप्रति धन्यवाद व्यक्त गरे।

नयाँ कार्यसमितिमा बरिष्ठ उपाध्यक्षमा रामप्रसाद भुर्तेल, प्रथम उपाध्यक्षमा प्रकाशराज पौडेल, द्वितीय उपाध्यक्षमा पदम श्रेष्ठ, महासचिवमा राजन कुमाल, सचिवमा अनन्त प्रधानाङ्ग, कोषाध्यक्षमा झंकनाथ अधिकारी (नारायण) तथा सह-कोषाध्यक्षमा मनोज बास्तोला चयन भएका छन् । त्यसैगरी सदस्यहरूमा कृष्ण रञ्जित, सुमन श्रेष्ठ, नवीन श्रेष्ठ र रोजिना श्रेष्ठ रहेका छन् । नेपाल मुद्रण उद्योग महासंघको केन्द्रीय परिपत्र अनुसार यसपटक ३ वर्षे कार्यकाललाई घटाएर २ वर्षमा नै



निर्वाचन गरिएको हो । निर्वाचन संयोजक पदमलाल श्रेष्ठले नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरूलाई सपथ ग्रहण गराउनुका साथै प्रमाणपत्र वितरण गरेका थिए । निर्वाचन मण्डल सदस्यमा महासंघका केन्द्रीय उपाध्यक्ष महेन्द्र बजिमया, केन्द्रीय सदस्यहरू चिन्तामणी बास्तोला, बसन्त बास्तोला र कोपिला श्रेष्ठ रहेका थिए। कार्यक्रममा निर्वाचन संयोजक पदमलाल श्रेष्ठले नवनिर्वाचित कार्यसमितिको सफल कार्यकालको शुभकामना व्यक्त गर्दै आवश्यक सहयोगका लागि आफू सधैँ तयार रहने प्रतिवद्धता व्यक्त गरे। साथै उनले आगामी पुष २६ गते हुने नेपाल मुद्रण उद्योग महासंघको केन्द्रीय निर्वाचनमा द्वितीय उपाध्यक्ष पदको उम्मेदवार समेत रहेको जानकारी गराए।

संघका अध्यक्ष चिन्तामणी बास्तोलाको अध्यक्षतामा सम्पन्न १६ औँ साधारण सभाको बन्द सत्रमा महासचिवको प्रतिवेदन पदम श्रेष्ठ, कोषाध्यक्षको प्रतिवेदन अनन्त प्रधानाङ्ग तथा प्रथम उपाध्यक्ष रामप्रसाद भुर्तेलले विधान संशोधनको प्रतिवेदन प्रस्तुत गरेका थिए। प्रस्तुत प्रतिवेदनहरू साधारण सभाबाट सर्वसम्मत रूपमा पारित भएको मुल आयोजक उपसमितिका संयोजक बसन्त बास्तोलाले जानकारी दिए।

नेपाल मुद्रण उद्योग महासंघका केन्द्रीय अध्यक्ष विष्णुप्रसाद तिवारीको प्रमुख आतिथ्यतामा सम्पन्न साधारण सभामा बोल्दै अध्यक्ष तिवारीले मुद्रण पेशालाई राज्यले अझै स्पष्ट रूपमा नचिन्नु दुःखद भएको उल्लेख गर्दै व्यवसायीको हक-हितका लागि निरन्तर संघर्ष गर्ने प्रतिवद्धता व्यक्त गरे।

कार्यक्रममा महासंघका केन्द्रीय पूर्व अध्यक्ष माधव केसी, बरिष्ठ उपाध्यक्ष गोपाल ढकाल, निवर्तमान महासचिव कमल पोखरेल, केन्द्रीय सदस्यहरू कोपिला श्रेष्ठ र बसन्त बास्तोला, गण्डकी प्रदेश अध्यक्ष मनोहर दाहाल, पोखरा उद्योग वाणिज्य संघका बरिष्ठ उपाध्यक्ष उत्तममान बुद्धाचार्य, पोखरा चेम्बर अफ कमर्सका अध्यक्ष उमराज बास्तोला लगायतले मन्तव्य राखेका थिए। अध्यक्ष चिन्तामणी बास्तोलाको अध्यक्षतामा भएको साधारण सभाको प्रथम सत्र महासचिव पदम श्रेष्ठ र बन्द सत्र सचिव राजन कुमालले सञ्चालन गरेका थिए।

मुद्रण उद्योग संघ कास्कीको ११ र १२ गते सम्पन्न अधिवेशनअन्तर्गत शुक्रबार नेपाल मुद्रण उद्योग महासंघ गण्डकी प्रदेशको साधारण सभा तथा लेले भेन्चर बी-टु-बी समिट २०८२ आयोजना गरिएको थियो । भने शनिबार नीति, प्रविधि र योजना विषयक "मुद्रण सम्वाद" कार्यक्रम सम्पन्न भएको थियो। उपेन्द्र पौडेलले सञ्चालन गरेको सम्वाद कार्यक्रममा गण्डकी प्रदेश सरकारका नीति तथा योजना आयोग सदस्य दुर्गा लामिछाने, महासंघका अध्यक्ष विष्णुप्रसाद तिवारी, एक्स रोल्याण्डका प्रमुख दिनेश अर्याल तथा साउथ एसिया बिजनेस हाउसका प्रमुख आर.पी. महतो सम्वाद वक्ताका रूपमा सहभागी भएका थिए।

# सामूदायिक विद्यालयमा शिक्षाको गुणस्तरीयता एवम् प्रभावकारिता बारे बहस सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १२ पुस

पोखरामा कृयाशिल सामूदायिक विद्यालयका शिक्षक सम्बद्ध महासंघ सहित संघ संगठनले महानगर क्षेत्र भित्रका समूदायिक विद्यालयको शिक्षालाई गुणस्तरीय एवम् प्रभावकारी बनाउने सम्बन्धमा आन्तरिक बहस सुरु गरेका छन्।

राज्यको महत्वपूर्ण लगानी भैरहेको सामूदायिक विद्यालयहरूमा घट्दै गएको विद्यार्थी संख्याका साथै यसतर्फ अभिभावक तथा विद्यार्थीको आकर्षण बढाउनका लागि शिक्षक सम्बद्ध संघ संगठनबाट खेल्न सकिने भूमिका लगायतका विषयमा बहस थालिएको हो। एक अर्का दोषारोपण गर्न भन्दा पनि सबैको सामूहिक प्रयासबाट यस क्षेत्रमा देखिएका समस्यालाई समाधान गर्न सकिन्छ भन्ने विश्वास सहित शिक्षक सम्बद्ध सघ संगठनहरूले यस सम्बन्धमा सामुहिक बहसको थालनी गरेको एकिकृत अखिल नेपाल शिक्षक संगठन पोखरा महानगरपालिकाका अध्यक्ष टंकप्रसाद सुवेदीले जानकारी दिनुभयो।

बहको दायरा बढाउँदै यसका माध्यमबाट सामूदायिक विद्यालयको समग्र विकासका लागि राज्यको नियामक निकायसम्म पुग्ने लक्ष्य राखिएको छ। पछिल्लो समयमा घट्दो जनसंख्या बृद्धिदरसँगै समाजमा हुँदा खाने र हुने खानेबीचको विभेदको प्रत्यक्ष प्रभाव सामुदायिक विद्यालयहरूमा परिरहेको बताउँदै उहाँले सरकारको ठूलो लगानी



भैरहेका यी विद्यालयमा विद्यार्थी तथा अभिभावकको आकर्षण बढाउन राज्यको उचित नीति आवश्यक हुने धारणा राख्नुभयो।

सामूदायिक विद्यालयका शिक्षकलाई समयसापेक्ष तालिमका साथै व्यवहारिक तथा प्रयोगात्मक शिक्षामा राज्यले जोड दिनुपर्ने उहाँले बताउनुभयो। नेपाल शिक्षक महासंघ पोखरा महानगरपालिकाका अध्यक्ष नन्दलाल काफ्लेले सामूदायिक विद्यालय प्रतिको आकर्षण बढाउनका लागि यथासीघ्र दरबन्दी मिलानसँगै प्रधानाध्यापकहरूको उचित व्यवस्थापनतर्फ चासो दिनु अपरिहार्य भएको बताउनुभयो । सामूदायिक विद्यालयको शिक्षालाई प्रभावकारी बनाउन अभिभावक शिक्षाको पनि आवश्यकता रहेको उहाँको भनाइ छ।

नेपाल शिक्षक संघ पोखरा महानगरपालिकाका अध्यक्ष किरणबाबु न्यौपानेले कार्यविधि बनाएर प्रधानाध्यापकको व्यवस्थापन गर्नु जरुरी रहेको बताउनुभयो । प्रधानाध्यापकलाई अधिकार सम्पन्न बनाउनका साथै बैज्ञानिक दरबन्दी मिलान हुनुपर्ने उहाँले बताउनुभयो। नेपाल राष्ट्रिय शिक्षक संगठन पोखरा महानगरपालिकाकाअध्यक्षयामनारायण लामिछानेले सबैको सामूहिक प्रयास भएमा सामूदायिक विद्यालयप्रतिको आकर्षण बढाउँदै विद्यमान समस्याहरू समाधान गर्न सकिने धारणा राख्नुभयो।

सामूदायिक विद्यालयको समग्र विकासका लागि यो वा त्यो रुपमा विभाजित नभै एकतावद्ध भएर अघि बढ्नु आवश्यक भएकोमा सरोकारावाले जोड दिएका छन् । नेपाल शिक्षक महासंघ पोखरा महानगरपालिकाका सह अध्यक्ष दुर्गाप्रसाद सुवेदी, सचिव गोपिराज अधिकारी, नेपाल राष्ट्रिय शिक्षक संगठनका सचिव नेपाल प्रकाश अधिकारी नेपाल शिक्षक संघका सचिव नवराज आचार्य लगायतले शैक्षिक गुणस्तर अभिबृद्धिका लागि सरोकारवाला सबैको एकतावद्ध प्रयास आवश्यक हुने बताउनुभयो । स्रोत केन्द्रको सञ्चालनसँगै हाम्रा उत्पादित जनशक्तिलाई स्वरोजगारसँगै बजारमा बिक्न सक्ने बनाउनका लागि सार्थक बहससँगै पहलकदमी आवश्यक रहेको उहाँहरूको भनाइ छ।

# रूपाज्योतिको ४५ औँ वार्षिकोत्सव सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १२ पुस

कास्कीको रूपा गाउँपालिका-६, तालबैंसीस्थित रूपाज्योति माध्यमिक विद्यालयको ४५ औँ वार्षिकोत्सव तथा अभिभावक दिवस शनिवार सम्पन्न भएको छ।

सो अवसरमा विद्यालयका पूर्वप्रधानाध्यापक मनिराम कडेलले ५० हजार १०५ रुपियाँको अक्षयकोष स्थापना गरेका छन् । नेपाल शिक्षक महासङ्घ, कास्कीका निवर्तमान सचिव कडेल हाल पोखरा-३०, शिशुवास्थित शान्ति आधारभूत विद्यालयका प्रधानाध्यापक हुन् । उनले रूपाज्योतिमा २० वर्षभन्दा लामो समय अध्यापन गरेका थिए । कडेलले आफू कार्यरत रहँदा पनि विद्यार्थीको



हौसलाका लागि विभिन्न कार्य गरेको स्मरण गर्दै आफू कामका सिलसिलामा सरुवा भए पनि रूपाज्योतिका विद्यार्थीको हौसलाका लागि अक्षयकोष स्थापना गरेको धारणा राखे।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पूर्णबहादुर भुजेलको अध्यक्षताम भएको कार्यक्रममा रूपा गाउँपालिकाका अध्यक्ष नवराज ओझाले रूपाकै शिक्षाज्योतिका रूपमा रूपाज्योतिले भूमिका खेलेको बताए। गाउँपालिकाले विद्यालय र विद्यार्थीको हितका लागि अनेकौँ प्रयास गरेको उनको भनाइ थियो। कार्यक्रममा उत्कृष्ट शिक्षक र विद्यार्थीलाई सम्मान तथा पुरस्कार वितरण गरिएको थियो । विद्यालयका प्रधानध्यापक पोष्टराज सुवेदीले विद्यालयको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए भने विद्यालयका शिक्षक कृष्ण वाग्लेले स्वागत गरेका थिए । उक्त कार्यक्रममा समाजसेवी पुष्पराज सुवेदी, छिमेकी विद्यालय पृथ्वीरूपा माविका प्रअ विश्वनाथ सुवेदी, रूपाताल संरक्षण परियोजनाका सूचना अधिकारी कृष्णबहादुर विक, रूपा गाउँपालिका, वडा नम्बर ६ का वडाअध्यक्ष नारायण गुरुङ, विद्यार्थी ममता सुवेदी, अभिभावक पुनम नेपाली, राजकुमार सुवेदी, शिव थापालगायतले शुभकामना दिएका थिए । कार्यक्रमको सन्चालन शिक्षक सुनिल सुवेदीले गरेका थिए।

# पखेर-बरङ्जा सडक योजना अन्तिम चरणमा

**पोखरापत्र संवाददाता**
म्याग्दी, १२ पुस

म्याग्दीको मङ्गला गाउँपालिका-३ र ४ नं वडालाई जिल्ला सदरमुकाम बेनी बजारसँग जोड्ने पखेर-बरङ्जा सडक स्तरोन्नतिका लागि सञ्चालन भएको योजना निर्माणको अन्तिम चरणमा पुगेको छ।

गण्डकी प्रदेश सरकारले पूर्वाधार विकास कार्यालय म्याग्दीमार्फत मङ्गला गाउँपालिका-३ पखेरदेखि तीन किलोमिटर ५०० मिटर दुरीमा सडक ग्राभेल र ढलान गर्न आर्थिक वर्ष २०८०/०८१ देखि पखेर-बरङ्जा ३ र ४ हुँदै महेश-धापुङ-ताराखोला सडक योजना निर्माण सुरु गरेको थियो । एनके-युनाइटेड जेभीले विसं २०८१ असारमा रु पाँच करोड ८६ लाख तीन हजारमा ठेक्का सम्झौता गरेको योजनाको ९२ प्रतिशत भौतिक र ८५ प्रतिशत वित्तीय प्रगति भएको पूर्वाधार विकास कार्यालय, म्याग्दीका प्रमुख सिनियर डिभिजनल इञ्जिनियर डा महेन्द्र बानियाले जानकारी दिनुभयो।

"अठार महिनाको ठेक्का आवधी भएको यो योजनालाई निर्धारित समयभित्र नै सम्पन्न गर्ने लक्ष्यसहित ठेकेदारले उपकरण, मजदुर परिचालन र निर्माण सामग्री ब्यवस्थापन गरेको छ," उहाँले भन्नुभयो, "आर्थिक वर्ष २०८०/०८१ देखि म्याग्दीमा सुरु भएका सात वटा सडक र दुई वटा मोटरेबल पुलमध्य पखेर-बरङ्जा सडकको प्रगति अन्य योजनाको तुलनामा अगाडी छ।" विसं २०६६ मा मार्ग खुलेको यो सडकलाई सात मिटरका दरले फराकिलो बनाएर नाली र टेवा पर्खाल निर्माण भएको छ। घुम्ति र उकालोमा ५५० मिटर सडक ढलान भएको छ । ग्राभेल भएको सडकको बर्खामा भत्किएको पर्खाल पुनःनिर्माण र बाँकी संरचना निर्माणलाई पूर्णता दिन लागिएको छ।